# स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० संख्याः १२ मितिः २०८३ साल असार २२ गते

## भाग-एक

## सिलीचोङ गाउँपालिका, ताम्कु, संखुवासभाको सूचना

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम सिलीचोङ गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सिलीचोङ गाउँपालिका

## पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३

**<u>सम्बत २०८३ सालको ऐन नम्बर १२</u>**

### भौतिक पूर्वाधार निर्माण, योजना सञ्चालन र व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

**प्रस्तावना** : गाउँपालिका क्षेत्र भित्र स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, स्थानीय सडक, ग्रामिण सडक, कृषि

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

सडक, सिंचाई पूर्वाधार संरचना निर्माण, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन सिलीचोङ गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अनुगमन"** भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भए नभएको, कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भए नभएको सम्बन्धमा गाउँपालिका, वडा समिति वा कार्यालयबाट तोकिएको पदाधिकारी तथा

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

कर्मचारीहरुद्वारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्दछ।

(ख) **"अनुगमन मूल्याङ्कन समिति"** भन्नाले दफा ४८ को उपदफा (२) बमोजिम गठन भएको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनुपर्दछ।

(ग) **"अध्यक्ष"** भन्नाले सिलीचोङ गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ र सो शब्दले टोल विकास संस्थाको हकमा संस्थाको अध्यक्षलाई समेत जनाउनेछ ।

(घ) **"अमानत"** भन्नाले ठेक्कामा नलगाई गाउँपालिका आफैँले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्दछ ।

(ङ) **"आयोजना"** भन्नाले सिलीचोङ गाउँपालिका वा सिलीचोङ गाउँपालिकाको वडावाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्दछ। र सो शब्दले गाऊँसभाबाट स्वीकृत भएको गैरसरकारी संघ, सस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(च) **"इजाजत पत्र"** भन्नाले सार्वजनिक निर्माण कार्य गर्नका लागि दफा ६० बमोजिम दिइने इजाजत पत्र सम्झनु पर्दछ ।

(छ) **"निर्माण"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउनेछ ।

(ज) **"निर्माण समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनैआयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिय बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ र सो शब्दले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने व्यक्ति वा समूह वा सामूदायिक संस्था वा लाभग्रही समूहलाई समेत जनाउनेछ ।

(झ) **"उपाध्यक्ष"** भन्नाले सिलीचोङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ । र सो शब्दले निर्माण टोल विकास संस्थाको हकमा टोल विकास संस्थाको उपाध्यक्षलाई समेत जनाउनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ञ) **"कार्यपालिका"** भन्नाले सिलीचोङ गाँउपालिका,गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ट) **"कार्यालय"** भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ । र सो शब्दले वडा कार्यालय समेतलाई जनाउनेछ ।

(ठ) **"गाउँपालिका"** भन्नाले सिलीचोङगाउँपालिका सम्झनु पर्दछ ।

(ड) **"गाउँ सभा"** भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(ढ) **"गुणस्तर"** भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनका लागि आह्यन भएको प्रस्ताव अनुसार प्रस्तावक र स्वीकृतिकर्ताको बिच भएको सम्झौता पत्र वा त्यस्तो सम्झौता पत्रको अभिन्न अंगको रुपमा रहेको कागजात ड्रइङ, डिजाइन तथा स्पेसीफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्दछ ।

(ण) **"जलश्रोत"** भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको मूलबाट बग्ने पानीको धारा, पानीको प्रवाह सम्झनु पर्दछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(त) **"टोल विकास संस्था"** भन्नाले वडा तहमा टोल बस्ती भित्रका एक घर एक सदस्य रहने गरी भौगोलिक सन्तुलन तथा सामाजिक अवस्था समेतको सन्तुलन कायम हुने गरी वडा कार्यालयले तोकेको चार किल्ला भित्रका स्थानीय नागरिकहरूको आम भेलाबाट गठन भएको सामुदायिक संस्थालाई सम्झनु पर्दछ ।

(थ) **“ठूला मेसिनरी तथा उपकरण”** भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुर्‍याउने प्रकृतिका ठूला मेसिनरी, उपकरण (बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेसिनरी तथा उपकरण सम्झनु पर्दछ।

(द) **“तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ । र सो शब्दले कार्यपालिकाले तोकेको समेतलाई जनाउनेछ ।

(ध) **"दर्ता अधिकारी"** भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ र सो शब्दले निजले टोल विकास संस्था दर्ता गर्ने आफ्नो

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

अधिकार प्रत्यायोजन गरेको गाउँपालिकाको कर्मचारीलाई समेत जनाउनेछ ।

(न) **"निर्माण व्यवसायी"**भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(प) **"पदाधिकारी"** भन्नाले टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ र सो शब्दले निर्माण समितिका संयोजक तथा सदस्यलाई समेत जनाउनेछ ।

(फ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिलीचोङ गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । र सो शब्दले प्रमुख प्रशासकीय अधिकृत भई कामकाज गर्न तोकिएको कर्मचारीलाई समेत जनाउनेछ ।

(ब) **"प्राविधिक"** भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरीवेक्षण गर्न नेपाल सरकार तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिकको काम गर्ने वा प्राविधिक सम्बन्धी ज्ञान दिने व्यक्ति वा प्राविधिक कर्मचारीलाई सम्झनु पर्दछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(भ) **"पूर्वाधार"** भन्नाले देहाय बमोजिमका विषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ;-

(१) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा,सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन तथा भौतिक निर्माण,

(२) सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन,

(३) निर्माण / स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(४) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन,

(५) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा, खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी, साना जलविद्युत आयोजनासम्बन्धी नीति, कानून,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

मापदण्ड,योजना निर्माण, कार्यान्वयन, भौतिक निर्माण र नियमन,

(६) स्थानीय विद्युत वितरण प्रणाली, स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,

(७) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(८) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धी तथा प्रवर्द्धन।

(म) **"मूल्याङ्कन"** भन्नाले तोकिएको सूचकका आधारमा कार्यान्वयन गरिएका योजना,आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् साथै कत्तिको उपलब्धी हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्दछ ।

(य) **"वडा"** भन्नाले सिलीचोङ गाउँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(र) **“वडा अध्यक्ष”** भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ल) **“विधान”** भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(व) **“विषयगत शाखा”** भन्नाले सिलीचोङ गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत रुपमा रहेका शाखा, उपशाखा, इकाई वा विभागलाई सम्झनुपर्दछ ।

(श) **“समिति”** भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्दछ ।

(ष) **“सदस्य”** भन्नाले निर्माण समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले निर्माण समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(स) **“सम्झौता”** भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र निर्माण समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

(ह) **“साधारण सभा”** भन्नाले टोल विकास संस्थाको साधारण सदस्यहरूको भेला सम्झनुपर्दछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क्ष) **"सार्वजनिक निर्माण कार्य"** भन्नाले प्रचलित कानून बमोजिम यस सिलीचोङ गाउँपालिका बाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्दछ र सो शब्दले पुनःनिर्माण मर्मत सम्भारको कार्य समेतलाई जनाउँदछ ।

## परिच्छेद २

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरुको वर्गीकरण र न्यूनतम् मापदण्ड** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गीकरण गरी न्यूनतम् मापदण्ड तोक्ने र बृहत्तर सडक सञ्जाल गूरुयोजना तयार गर्नेछ ।

(२) गाउँपालिका स्तरका सडकहरुको वर्गीकरण र न्यूनतम् चौडाई देहाय अनुसार हुनेछ ।

(क) पालिका (स्थानीय) सडकः गाउँपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका तथा स्थानीय सडकको रुपमा वर्गीकरण

गरिनेछ । यस्ता सडकको चौडाई न्यूनतम् छ मिटर हुनु पर्नेछ ।

(ख) ग्रामीण सडकः गाउँपालिकाका वस्तिहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा वर्गीकरण गरिनेछ । यस्ता सडकहरु चार देखि पाँच मिटरसम्म चौडा हुनेछन् ।

(ग) कृषि सडकः गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन् । यस प्रकारका सडकको न्यूनतम् चौडाई ४ मिटरको हुनेछ ।

(घ) घोडेटो मुल बाटोः मानिस र पशु चौपाया मात्र हिड्ने १ (एक) भन्दा बढी गाउँ बस्ती जोडने बाटोलाई घोडेटो मूल बाटोको रुपमा वर्गीकरण गरिनेछ। यसको न्यूनतम् चौडाई २ (दुई) मिटरको हुनेछ ।

(ङ) गोरेटो बाटोः मानिस र चौपाया हिड्ने बस्तीबाट घोडेटो मुलबाटो वा बस्ती

सडक सम्म जोडिने अधिकतम् १(एक) किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यसको चौडाई न्यूनतम् १ मिटरको हुनेछ ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४०(चालिस) प्रतिशत बढी हुनेगरी निर्माण गर्नु पर्दछ ।

(४) यस दफा बमोजिम सडक क्षेत्र निर्धारण गरी सडक निर्माण गर्न जग्गा प्राप्ती गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम गाउँपालिकाले जग्गा प्राप्ति सशुल्क र निशुल्क रुपमा गर्न सक्नेछ ।

४. **मापदण्ड निर्धारण गर्ने** : (१) गाउँ कार्यपालिकाले समय समयमा आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हदभन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम भएका निर्णय स्थानीय राजपत्रमा सूचना प्रकाशन नभएसम्म कार्यान्वयन गर्न गराउन पाइने छैन ।

५. **<u>स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने</u>**ः (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति बिना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काउने अधिकार अध्यक्षलाई हुनेछ ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र कार्यालयले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) पहिले देखि चलिआएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

६. **सडकको आवागमनमा बाधा पुर्‍याउन नहुने** : (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्‍याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश बमोजिम त्यस्तो अवरोध हटाउनु सम्बन्धित व्यक्तिको जिम्मेवारी हुनेछ ।

(३) उपदफा (१) बमोजिमको आदेश उपदफा (२) बमोजिम सम्बन्धित व्यक्तिले कार्यान्वयन नगरेमा त्यस्तो माल वस्तु कब्जामा लिई लिलाम बिक्री गर्न गाउँपालिका अध्यक्षले आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको आदेशको कार्यान्वयन गर्नु सम्बन्धित कर्मचारीको कर्तब्य हुनेछ ।

## परिच्छेद ३

## जलस्रोतको संरक्षण र उपयोग

७. **जलश्रोतको स्वामित्व** : (१) गाउँपालिका क्षेत्रभर रहेको जलश्रोतमा नेपाल सरकारको स्वामित्व रहनेछ ।

(२) उपदफा (१) बमोजिम स्वामित्व रहेको जलश्रोतको संरक्षण र उपयोग सम्बन्धी कार्यहरु गाउँपालिकाले यसै ऐन बमोजिम गर्नेछ ।

८. **<u>जलस्रोत उपयोग</u>** : (१) यस ऐन बमोजिम गठित स्थानीय जलश्रोत समितिबाट अनुमतिपत्र प्राप्त नगरी कसैले पनि व्यक्तिगत प्रयोजनको बाहेक देहाय अनुसार जलश्रोतको उपयोग गर्न पाउने छैन;-

(क) व्यवसायीक वा व्यापारिक प्रयोजनको लागि सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) व्यवसायीक वा व्यापारिक प्रयोजनको लागि सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायीक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न

(ङ) व्यवसायीक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन ;-

a. व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

b. व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

c. घरेलु उद्योगको रूपमा पानीघट्ट वा पनचक्की चलाउन,

d. व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

e. जग्गा धनीले आफ्नो जग्गा भित्रमात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न ।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(४) जलश्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(५) व्यवसायीक वा व्यापारिक प्रयोजनका लागि जलस्रोतको उपयोग गर्नु परेमा सामुदायिक उपयोगका लागि टोल विकास संस्था वा उपभोक्ता संस्था मार्फत र व्यवसायीक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले जलश्रोत उपयोग सम्बन्धी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुर्‍याएको मानिने छैन ।

९. **जलस्रोत उपयोगको प्राथमिकताक्रमः** (१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ :-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ८ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम जलस्रोत समितिले निर्धारण गरेको विषय वा निर्णय नै अन्तिम हुनेछ यस विरूद्ध कहिँ कतै उजुर लाग्ने छैन ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१०. **<u>खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापन</u>** (१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिंचाई, पानीघट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

उपयोग गर्न परेमा सम्बन्धित क्षेत्रका टोल विकास संस्थाहरु मिली जल उपभोक्ता संस्था को गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्ने छ ।

(२) यो ऐन कार्यान्वयन हुनु अघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन कार्यान्वयनमा आएको मितिले ६ (छ) महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ ।

११. **जल उपभोक्ता संस्थाको गठन** : (१) जल उपभोक्ता संस्थामा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व रहने गरी ७ देखि ११ जना सदस्यहरु रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम संस्था गठन गर्न चाहने उपभोक्ताले देहायको विवरणहरु सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ; -

(क) उपभोक्ता संस्थाको विधान,

(ख) मुहान दर्ता भईसकेको भए दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण,

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या,

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत,

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(३)उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला संस्था हुने छ ।

(५) यस दफा बमोजिम गठन हुने उपभोक्ता संस्थाका समितिको पदाधारीहरूको पदावधि ३(तीन) वर्षको हुनेछ ।

(६) उपदफा (५) बमोजिमको पदावधि समाप्त हुनु भन्दा १५ (पन्ध्र) दिन अगावै नयाँ कार्य समितिको चयन गर्नु पर्नेछ ।

(७) संस्थाको कार्य सञ्चालन, प्रक्रिया र विधि सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाको विधानमा तोकिए बमोजिम हुनेछ ।

(८) यस दफा बमोजिम स्थापना र सञ्चालन भएका उपभोक्ता संस्थाले प्रचलित कानून बमोजिम वार्षिक लेखापरीक्षण गरी सो को प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम गठन, स्थापना र सञ्चालन हुने उपभोक्ता संस्थाले प्रचलित कानून बमोजिम जलस्रोत

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

उपयोग कर लगायत अन्य कर दस्तुर तिर्नु बुझाउनु पर्नेछ ।

(१०) यस दफा विपरित कार्य गर्ने वा गाउँपालिकाले प्रचलित कानून बमोजिम दिएको आदेशको पालना नगर्ने उपभोक्ता संस्थाको दर्ता गाउँपालिकाले खारेज गर्न सक्नेछ ।

(११) उपभोक्ता संस्थाको खारेजीको कार्यविधि लगायतका अन्य विषय तोकिए बमोजिम हुनेछ ।

१२. **जलस्रोतको व्यवसायीक उपयोगका लागि अनुमति लिनुपर्नेः** (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ (एक) मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायीक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले जलश्रोत समितिको सिफारिसमा गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्सा (मुख्य-मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत,

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणीय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन) ।

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोप्राइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र सूचीकृत/अनुमतिको लागि आवेदन दिनुपर्नेछ ।

तर लघु जलविद्युत आयोजनाको सम्बन्धमा गाउँपालिकाको उर्जा विकास सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग बापत स्थानीय र प्रदेश सरकारलाई कानून बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमिति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

१३. **जलश्रोत समितिको गठन** : (१) गाउँपालिकामा रहेको जलस्रोतको उपयोगको लागि तथा ऐनको दफा १३ को उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकामा एक स्थानीय जलस्रोत समिति रहनेछ ।

(२) स्थानीय जलस्रोत समितिमा देहायका पदाधिकारीहरू रहनेछन्;-

(क) गाउँपालिकाको अध्यक्ष — अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष —सदस्य

(ग) गाउँपालिकाको पूर्वाधार क्षेत्र हेर्ने समितिको संयोजक —सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख —सदस्य

(च) खानेपानी तथा सिंचाई शाखा प्रमुख — सदस्य

(छ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख — सदस्य

(ज) प्रशासन शाखा प्रमुख — सदस्य

(झ) पूर्वाधार विकास शाखा प्रमुख — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार जिल्ला नापी कार्यालयका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) दुई वा दुई भन्दा बढी स्थानीय तहको सिमानामा पर्ने पानीका मुहानहरुको क्षेत्राधिकारमा विवाद भएमा आपसी समझदारीमा वा प्रचलित कानून बमोजिम विवाद समाधान हुनेछ ।

१४. <u>**स्थानीय जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि**</u>ः (१) स्थानीय जलस्रोत समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा गाउँपालिकाको उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ उपाध्यक्षको समेत

अनुपस्थिति रहेमा जलस्रोत समितिको सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) स्थानीय जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) स्थानीय जलस्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाइ सदस्यहरूको मतलाई स्थानीय जलस्रोत समितिको निर्णय मानिनेछ ।

(५) स्थानीय जलस्रोत समितिको निर्णय स्थानीय जलस्रोत समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) स्थानीय जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि स्थानीय जलस्रोत समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा खानेपानी सेवालाई नियमित व्यवस्थित र सर्वसुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय निर्माण संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनाहरु मार्फत ५००



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(पाँच सय) भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सकिनेछ ।

(३) गाउँपालिका भित्रका एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस दफा बमोजिमको बोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम बोर्ड गठनको लागि आवेदन पेश गर्दा देहायका विवरणहरु संलग्न राखी पेश गर्नु पर्नेछ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व,

(ज) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल।

(५) उपदफा (४) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(६) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ।

(७) बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफैं गर्न सक्नेछ ।

१६. <u>**खानेपानी तथा सिंचाईको शुल्क निर्धारण**</u>ः (१) खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गरिनेछ;-

(क) गाउँपालिकाको अध्यक्ष — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि - सदस्य

(घ) खानेपानी विषय हेर्ने शाखाको शाखा प्रमुख -सदस्य सचिव

## परिच्छेद ४

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

१७. **स्वीकृति नलिई निर्माण गर्न नहुने** : (१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तल्ला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा निर्माणसँग सम्बन्धित अन्य कार्य गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नर्म्स तयार गर्नेछ ।

१८. **भवनको सूचीकरण र दर्ता**: (१) गाउँपालिका भित्र यो ऐन प्रारम्भ हुनु अघि निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरु गाउँकार्यपालिकाले तोकिदिएको अवधि भित्र

तोकिए बमोजिम गाउँपालिकामा सूचीकरण र दर्ता गराई अभिलेख गराई अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सूचीकरण र दर्ताको कार्य सम्पन्न हुन नसक्ने मनासिब कारण भएमा एक पटकको लागि कार्यपालिका बढीमा दुई वर्षको समय थप गर्न सक्नेछ ।

१९. **भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिंदा नक्सासाथ डिजाइन समेत पेस गर्नु पर्नेछ ।

(२) भवन निर्माण गर्दा आवासीय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्नेछ ।

(४) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट १.५ मिटर सेटव्याक छोड्नु पर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि परम्परागत रुपमा निर्माण गरिने काठ वा ढुङ्गा-माटो वा बाँस वा  जस्ताको घर निर्माण गर्दा घर धनीले लम्बाई र चौडाई उल्लेख गरी भवन स्वीकृतिका लागि कार्यपालिका वा वडा कार्यालयमा निवेदन दिएमा सोही बमोजिम घरको लम्बाई र चौडाई मात्र उल्लेख गरी भवन निर्माण स्वीकृत गरिदिन सकिनेछ ।

(६) उपदफा (५)बमोजिम बाहेकका निर्माण हुने अन्य भवनको स्वीकृति प्रमुख प्रशासकीय अधिकृतले प्रदान गर्नेछ ।

तर उपदफा (५) बमोजिम पर्न आएको निवेदन बमोजिमको घर निर्माणको स्वीकृति स्थलगत निरीक्षण गरी वा सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्यको सिफारिसमा वडा सचिवले दिन सक्नेछ ।

२०. **<u>बस्ति विकासको लागि अनुमति दिनेः</u>** (१) गाउँपालिका भित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ति विकासको विस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बस्ति विकासको अनुमति दिने कार्यविधि लगायत अन्य विषय तोकिए बमोजिम हुनेछ ।

स्पष्टिकरणः यस परिच्छेद मा भएको व्यवस्था कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिबाट प्रारम्भ हुनेछ ।

## परिच्छेद ५

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

२१. **पूर्वाधार आयोजना तर्जुमाः** (१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमाका क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ;-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाईदा पाउने नागरिकको संख्या र फाइदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च,

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप,

(छ) तोकिए बमोजिमका अन्य विषयहरु ।

२२. **लागत अनुमान तयार गर्नुपर्ने** : (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि लागत अनुमान तयार गर्दा उक्त योजनाको लागि प्रचलित कानून बमोजिम दश प्रतिशतमा नबढ्ने गरी कन्टिनजेन्सीको रकम समेत समावेश गर्नु पर्नेछ ।

(३) निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(४) उपदफा (२) बमोजिमको कन्टिनजेन्सी रकम प्रचलित कानूनले तोके बमोजिमको कार्यको लागि खर्च गरिनेछ ।

(५) उपदफा (४) बमोजिमको कन्टिनजेन्सी रकम खर्च नभएमा उक्त रकम गाउँपालिकाले आम्दानि रसिद काटी आन्तरिक आम्दानीको रूपमा सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

२३. **<u>पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन</u>**: (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने पूर्वाधार हरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ :-

(क) रु. पचास लाख सम्मका आयोजना वा कार्यक्रम टोल विकास संस्था र समितिहरू मार्फत,

(ख) रु. साठी लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत,

(ग) रु. साठी लाख भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमका निर्माण व्यवसायी मार्फत,

(घ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत।

(२) निर्माण तथा मर्मत सम्भार कार्य यस ऐन बमोजिम हुने सम्झौतामा तोकिएको अवधिमा सम्पन्न गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राकृतिक विपद्, वर्षा वा अन्य कुनै कारणले सम्झौतामा तोकिएको समयमा सम्पन्न हुन नसकेको भनि सम्झौतामा तोकिएको समयावधि भित्र वडा समितिको सिफारिस सहित समयावधि थप गर्न माग भई आएमा आवश्यकता अनुसार म्याद थप गरी दिन सकिनेछ ।

२४. **निर्माण समिति मार्फत गर्न सकिने**: (१) रु. पचास लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित टोल विकास संस्था र लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा निर्माण समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

(२)निर्माणसमिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम् (१५) पन्ध्र प्रतिशत नगद लागत सहभागिता वा श्रमदान गर्नु पर्नेछ ।

(३)नगद सहभागीताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्नेछ ।

२५. **पूर्वाधार मर्मत सम्भार कोष** : (१) गाउँपालिका भित्र रहेका पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचनाहरु सडक, खानेपानी, सिंचाई आदिबाट प्राप्त रोयल्टि रकमको ३० देखि ५० प्रतिशत रकम दाखिला गरीनेछ ।

(३)उपदफा (१) बमोजिम स्थापना भएको कोषमा गाउँपालिकाबाट सञ्चालन वा निर्माण गरिने योजना वा आयोजना वा कार्यक्रमको कुल बजेटको १ % (एक प्रतिशत) रकम जम्मा गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको रकम योजना वा आयोजना वा कार्यक्रमको लागत स्टमेट तयार गर्दा लागत स्टमेटमा नै समावेश गरी त्यस्तो योजनाको भुक्तानी दिंदा मर्मत सम्भार कोषको रकम कट्टी गरी भुक्तानी दिनु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(५) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्;-

(क) मर्मत सम्भार कोषका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा गाउँ सभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा तहद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) गाउँ सभा तथा कार्यपालिकाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकार, प्रदेश सरकारबाट विनियोजित रकम,

(च) उपदफा (२) र (३) बमोजिम कोषमा प्राप्त हुने रकम,

(छ) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

(६) कार्यपालिकाले निर्णय गरी तोकिदिएको बैंकमा "मर्मत सम्भार कोष" नामको एक खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

(७) कोषको खाता सञ्चालन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

(८) कोषको प्रयोग देहाय बमोजिमको कामको लागि प्रयोग गरिनेछ,-

(क) नियमित मर्मत सम्भारको कार्य गर्न गराउन,

(ख) पटके मर्मत सम्भारको कार्य गर्न गराउन,

(ग) आवधिक मर्मत सम्भारको कार्य गर्न गराउन,

(घ) आकस्मिक मर्मत सम्भारको कार्य गर्न गराउन,

(ङ) विशेष मर्मत सम्भारको कार्य गर्न गराउन,

(च) सार्वजनिक भौतिक पूर्वाधारप्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व बोध बारे जनचेतना अभिवृद्धि गराउने कार्य गर्न ।

(५) पूर्वाधार मर्मत सम्भार कोषको परिचालन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

**<u>परिच्छेद- ६</u>**

## टोल विकास संस्था र निर्माण समिति गठन सम्बन्धी व्यवस्था

२६. **टोल विकास संस्थाको गठन**: (१) वडा तहमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा तोकिएको चार किल्लाभित्रका टोल बस्तीका बासिन्दाको आम भेलाबाट टोलबस्ती भित्रका घरधुरी समावेश हुने गरी एक घर एक सदस्यको आधारमा स्थानीय नागरिकहरूको सहभागितामा टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) टोल विकास संस्था गठन गर्दा टोल बस्तीका सम्पूर्ण घरधुरी एक घर एक सदस्यको अवधारणामा टोल विकास संस्थाको साधारण सदस्यको रूपमा रहनेछन्।

(३) टोल विकास संस्था गठन र साधारण सभामा कम्तिमा ८० प्रतिशत घरधुरी सदस्यको उपस्थितिमा मात्र टोल विकास संस्था गठन र साधारण सभाको काम कारबाही हुनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ।

(५) टोल विकास संस्थाको गठन गर्दा एक घर एक सदस्यको आधारमा गरिने हुनाले एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

२७. **<u>टोल विकास संस्था दर्ता</u>**ः(१) टोल विकास संस्था दर्ताका लागि तोकिएको चार किल्ला भित्रका घरधुरीहरूको आम भेलाले निर्णय गरी कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा तोकिएको ढाँचामा संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित देहायका विवरण खुलाई दिनु पर्नेछ;-

(क) आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) समितिमा रहने पदाधिकारीहरूको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(घ) संस्था दर्ता गर्न टोल विकास संस्थाबाट भएको निर्णय प्रतिलिपि,

(ङ) टोल विकास संस्थाको नाम,

(च) टोल विकास संस्थाको उद्देश्य,

(छ) कार्य समितिका सदस्यहरूको नाम

(३) उपदफा (१) र (२) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिकाले चार किल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी संस्था दर्ता गरी अनुसूची-

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

१ बमोजिमको ढाँचामा टोल विकास संस्था दर्ताको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदन बमोजिम दर्ताका लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी दर्ताका लागि पुनः पेस गर्न दर्ता अधिकारीले निर्देशन दिन सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ सभा वा वडाले तोकिदिएको संख्या र क्षेत्रमा गठन भएको टोल विकास संस्थामात्र दर्ता गरिनेछ ।

(६) उपदफा (५) वा यस ऐन विपरित हुने गरी कुनै टोल विकास संस्था दर्ता गर्न दर्ता अधिकारी बाध्य हुनेछैन ।

(७) यो ऐन प्रारम्भ हुनु अघि गठन र परिचालन भैरहेका टोल विकास समितिहरु यो ऐन प्रारम्भ भएको मितिले ६(छ) महिना भित्र यसै ऐन बमोजिम गाउँपालिकामा दर्ता वा सूचीकृत भई सक्नुपर्नेछ ।

२८. **विधानः** (१) टोल विकास संस्थाको विधान तोकिए बमोजिमको ढाँचामा तयार गरी प्रबन्ध समितिबाट स्वीकृत गरेको हुनु पर्नेछ ।

(२) टोल विकास संस्थाको विधानको ढाँचा कार्यपालिकाबाट पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

२९. **टोल विकास संस्थाको कार्य समिति**ः (१) टोल विकास संस्थाको कार्य समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरुरहनेछन्; -

(क) अध्यक्ष- १

(ख) उपाध्यक्ष -१

(ग) कोषाध्यक्ष- १

(घ) सचिव- १

(ङ) सहसचिव — १

(च) सदस्यहरू (दुइ देखि छ जना सम्म)

(२) उपदफा (१) बमोजिमको कार्यसमितिको चयन गर्दा तोकिएको चार किल्ला भित्रका टोल बस्ती भित्रका एक घर एक सदस्य रहने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा स्थानीय टोल बस्तीबासीको आम भेलाबाट सर्वसम्मत रूपमा गर्नु पर्नेछ ।

(३) कार्य समितिको पदावधि निर्वाचन वा चयन भएको मितिले दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त हुनु भन्दा एक महिना अघि नै नयाँ कार्य समितिको सर्वसम्मत चयन गरी सक्नु पर्नेछ ।

(५) उपदफा (२) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आम भेलाबाट कार्य समितिको चयनमा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरूको बहुमतबाट कार्य समितिको चयन गर्न बाधा पर्ने छैन।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार तेस्रो कार्यकालका लागि चयन हुन पाइने छैन ।

तर अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल चयन भई त्यसपछीको एक कार्यकाल खालि राखी त्यस पछिको निर्वाचनबाट पुन अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा चयन हुन यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(७) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला चयन गर्नु पर्नेछ ।

(८) टोल विकास संस्थाको कार्यसमितिमा कम्तीमा तेत्तिस प्रतिशत महिला सदस्य हुनुपर्नेछ ।

३०. **<u>टोल विकास संस्थाको कार्यक्षेत्र</u>**: (१) टोल विकास संस्थाको कार्यक्षेत्र वडा कार्यालयले दर्ताका बखत तोकी दिएको चार किल्ला भित्र हुनेछ ।

(२) टोल बस्ती भित्रका कुनै घरधुरी टोल विकास संस्थामा समावेश नगरेको पाइएमा वा कुनै घर धुरी वा

बस्ती टोल विकास संस्थामा समावेश गर्नुपर्ने अवस्था रहेकोमा टोल विकास संस्थाको साधारण सभाले निर्णय गरी समावेश गर्न गराउन सक्नेछ ।

तर कुनै बस्ती नै टोल विकास संस्थाभित्र समावेश गर्नुपर्ने भएमा साधारण सभाको सिफारिसमा वडा कार्यालयले त्यसरी छुटेको बस्ती सम्बन्धित टोल विकास संस्थामा समावेश गर्ने निर्णय गर्नु पर्नेछ ।

३१. **टोल विकास संस्था सम्बन्धी अन्य व्यवस्था**: टोल विकास संस्था सम्बन्धी अन्य व्यवस्था सम्बन्धित टोल विकास संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

३२. **सङ्गठित संस्था मानिने** :(१) यस ऐन अन्तर्गत दर्ता भएका टोल विकास संस्था अविच्छिन्न उत्तराधिकार वाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) टोल विकास संस्थाको सबै कामको निमित्त टोल विकास संस्था को आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) टोल विकास संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कार्यपालिकाको अनुमति लिई बेचबिखन गर्न सक्नेछ ।

(४) टोल विकास संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर तथा प्रतिवाद गर्न सक्नेछ र टोल

विकास संस्था उपर पनि टोल विकास संस्थाको नामबाट नालिस उजुर लाग्नेछ ।

३३.**<u>टोल विकास संस्था नवीकरण गर्नु पर्ने</u>** :आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र टोल विकास संस्थाले देहायका कागजातहरु संलग्न राखि संस्था नवीकरणका लागि तोकिए बमोजिमको ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(क) लेखापरीक्षण वा सार्वजनिक परीक्षण प्रतिवेदनको प्रतिलिपि १ प्रति

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) संस्था दर्ताको सक्कलै प्रमाणपत्र

(घ) कार्य समितिको निर्णय प्रतिलिपि ।

३४. **<u>टोल विकास संस्थाका कार्यहरू</u>**: (१) टोल विकास संस्थाका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ;-

(क) समुदायमा सामुदायिक सद्भाव, सहिष्णुता र भाइचाराको विकास गर्दै शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने,

(ख) टोलमा सञ्चालन हुने विकास निर्माणका कार्यहरूको योजना तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने,

(ग) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने,

(घ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरूको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने,

(ङ) टोलमा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने,

(च) टोलको सरसफाई कार्यमा सहयोग र समन्वय गर्ने गराउने,

(छ) सडक, बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्याउने,

(ज) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने,

(झ) टोलमा बसोबास गर्ने आर्थिक रुपमा विपन्न, अशक्त, अपाङ्गता भएका व्यक्ति,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन कार्य तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्ने,

(ञ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने,

(ट) जन्म, विवाह, बसाइँसराई, सम्बन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोल बासीलाई उत्साहित र सहजीकरण गर्ने,

(ठ) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मूल्य सूचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने,

(ड) उपभोक्ता हकहित संरक्षणको लागि बहस पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने,

(ढ) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ण) स्थानीय आर्थिक विकासका सम्भावना बारेमा छलफल गरी टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तह, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने,

(त) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोलबासीहरूलाई प्रोत्साहित गर्ने,

(थ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मूलन जस्ता राष्ट्रिय अभियानहरूमा सहयोग र समन्वय गर्ने,

(द) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने,

(ध) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम लगायतका सामाजिक अपराध तथा

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

खराबीहरू अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने,

(प) टोलको विकासका लागि विभिन्न क्षेत्रबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

(फ) टोलमा सरकारी निकाय तथा गैरसरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गर्ने,

(ब) टोल क्षेत्रमा सञ्चालन हुने भौतिक पूर्वाधार योजना निर्माण र सञ्चालनका लागि निर्माण समिति गठन गरी परिचालन गर्ने,

(भ) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाईयुक्त बनाउन कार्यक्रमहरू सञ्चालन गर्ने तथा वडा कार्यालय र गाउँपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने,

(म) वडा कार्यालय तथा गाउँपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी सङ्घ संस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरू गर्ने,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(य) तोकिए बमोजिम सामाजिक आर्थिक, भौतिक र मानवीय विकासका अन्य कार्यहरू गर्ने ।

३५. **<u>टोल विकास संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>**:(१) अध्यक्षको काम, कर्तव्य र अधिकार;-

a. संस्थाको नेतृत्व गर्ने,
b. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने,
c. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,
d. आवश्यकता अनुसार विशेष बैठक बोलाउने,
e. विधानमा उल्लेख भए बमोजिम अन्य कार्यहरू गर्ने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार; -

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरू गर्ने,

(ख) विधानमा उल्लेख भए बमोजिम अन्य कार्यहरू गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकार; -



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने,

(ख) छलफलका प्रस्तावहरु सङ्कलन गरी बैठकमा पेस गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने,

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने,

(घ) विधानमा उल्लेख भए बमोजिम अन्य कार्यहरू गर्ने ।

(४) कोषाध्यक्ष काम, कर्तव्य र अधिकार; -

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने,

(ख) बैङ्क खाता संयुक्त रुपमा सञ्चालन गर्ने,

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने,

(घ) विधानमा उल्लेख भए बमोजिम अन्य कार्यहरू गर्ने ।

(५) सदस्यहरुको काम, कर्तव्य र अधिकार;-

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने,

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने, समितिको निर्णय कार्यान्वयन भए

नभएको हेरी आवश्यकतानुसार समितिको बैठक छलफलमा ल्याउने,

(ग) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने,

(घ) विधानमा उल्लेख भए बमोजिम अन्य कार्यहरू गर्ने ।

३६. <u>**टोल विकास संस्थाको कार्य समितिको बैठक**</u>: (१) टोल विकास संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ;-

a. कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार बस्नेछ,

b. समितिको बैठकमा वडा समिति तथा गाउँपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ,

c. समितिको बैठकको निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ,

d. संस्थाको बैठकको निर्णयहरू बैठकमा उपस्थित पदाधिकारीहरूबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) उपदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन् ।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ। संस्थाको कार्यालय स्थापना भईनसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

३७. **टोल विकास संस्थाको आम्दानी** :(१) टोल विकास संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ;-

(क) गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी निकायहरू, सामुदायिक संस्थाबाट प्राप्त सहायता तथा अनुदानको रकम,

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरू सञ्चालन गरी प्राप्त हुने आम्दानी,

(घ) गाउँपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थासँग वा

कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम,

(ङ) टोल विकास संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम,

(च) टोल विकास संस्थाले बचत कार्यक्रम सञ्चालन गरेकोमा अन्य त्यस्तो बचत परिचालनबाट भएको आय,

(छ) तोकिए बमोजिम अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा स्थानीय बैंकमा खाता खोली सोही बैङ्क खातामा जम्मा गर्नुपर्नेछ ।

३८. **<u>टोल विकास संस्थाको खर्च</u>** : (१) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नुपर्नेछ।

(२) टोल विकास संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

३९. **<u>टोल विकास संस्थाको लेखा, लेखा परीक्षण र प्रतिवेदन</u>** :(१) टोल विकास संस्थाको खाता गाउँपालिकाको सिफारिसमा (क) वर्गको वाणिज्य बैङ्कमा सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैङ्क खाता टोल विकास संस्थाका अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कोषाध्यक्ष अनिवार्य रहने गरी कुनै दुईजनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चकोविवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको विवरण स्पष्ट रुपमा राखु पर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताब चौमासिक रुपमा कार्य समितिको बैठकमा पेस गर्नुपर्नेछ ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेस गरी सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

(७) गाउँपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

४०. **हिसाव जाच गर्ने**: (१)गाउँपालिका प्रमुखले आवश्यक देखेमा टोल विकास संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृत वा पदाधिकारीद्वारा जाँच गराउन सक्नेछ ।

(२)हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु टोल विकास संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाको प्रमुखले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिकाको प्रमुखसमक्ष पेस गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भने गाउँपालिकाको प्रमुखलाई लागेमा निजले त्यस्तो पदाधिकारी सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

(५) उपदफा (३) बमोजिम प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी सदस्य

वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाइएमा अध्यक्षले सो रकम बराबर बिगो र सोही बराबर थप जरिवाना गर्नेछ ।

४१. **<u>जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने</u>**ः(१) यस कार्यविधिमा अन्यत्र उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

(२) टोल विकास संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपद् बाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नुपर्नेछ ।

४२. **<u>गाउँपालिकाले अनुदान दिन सक्ने</u>**ः(१) समुदायको आर्थिक विकासका लागि कृषि उत्पादन, बजारीकरण, उद्यमशीलता विकास तथा सामाजिक परिचालनका लागि गाउँपालिकाले टोल विकास संस्थालाई आर्थिक अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) टोल विकास संस्थालाई उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा विनियोजन विधेयकमा रकम विनियोजन गरेर मात्र गराउन सकिनेछ ।

(३) टोल विकास संस्थालाई यस दफा बमोजिम अनुदान उपलब्ध गराउने विषय क्षेत्र र कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. **<u>टोल विकास संस्थाको सम्पत्ति</u>** : (१) टोल विकास संस्थाका सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई टोल विकास संस्थालाई फिर्ता बुझाई दिनसक्नेछ ।

(२) उपनियम (१) बमोजिमको टोल विकास संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारी वा गाउँकार्यपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोकेको बमोजिम जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) टोल विकास संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पति वा लिखित प्रतिष्ठा विरुद्ध कुनै अपराध गरेमा प्रचलित कानून बमोजिम निज विरूद्ध मुद्धाको कारबाही चलाउन सकिनेछ ।

४४. **समन्वय समिति**ः (१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहाय बमोजिमको टोल विकास संस्था समन्वय समिति रहनेछ; -

(क) वडा अध्यक्ष —संयोजक

(ख) वडा समितिका सदस्यहरू-सदस्य

(ग) टोल विकास संस्थाका अध्यक्षहरू मध्येबाट कम्तिमा दुई जना महिला सहित संयोजकले तोकेको बढीमा पाँच जना — सदस्य

(घ) वडा सचिव- सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चार महिनामा एक पटक बस्नेछ ।

तर एक बैठक र अर्को बैठक बिच पाँच महिना भन्दा बढीको फरक हुने छैन

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारबाहीलाई प्रभावकारी बनाउन कार्यसमितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारबाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(६) टोल विकास संस्था वडा समन्वय समितको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४५. **कार्य समिति भङ्ग गर्न सक्ने**:(१) सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून विपरीत कार्यगर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यसमिति भङ्ग गर्दा कार्यपालिकाले सम्बन्धित वडाको वडा सदस्यको संयोजकत्वमा टोल विकास संस्था समन्वय समितिका पदाधिकारीहरू रहने गरी पाँच सदस्यीय प्रबन्ध समिति गठन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको प्रबन्ध समितिले टोल विकास संस्था भङ्ग भएको मितिले एक महिना भित्र यसै कार्यविधि बमोजिम टोल विकास संस्थाको नयाँ कार्य समिति गठन गर्नुपर्नेछ ।

४६. **टोल विकास संस्थाको विघटन र त्यसको परिणाम** : (१) टोल विकास संस्थाले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश टोल विकास संस्था विघटन भएमा त्यस्ता संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ ।

(२) उपनियम (१) बमोजिम विघटन भएको टोल विकास संस्थाको दायित्वको हकमा सो टोल विकास संस्थाको जायजेथाले थामेसम्म त्यस्ता दायित्व गाउँपालिकाले बेहोर्नेछ ।

४७. **<u>टोल विकास संस्थाको उद्देश्यमा हेरफेर</u>**ः (१) टोल विकास संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाका कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले कुनै प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर, सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४८.**<u>निर्देशन दिने</u>** : (१) गाउँपालिकाले टोल विकास संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(२) सङ्घीय वा प्रादेशिक सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालनागर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

४९. **निर्माण समिति गठन सम्बन्धी व्यवस्था** : (१) टोल विकास संस्थाले कुनै भौतिक निर्माणको कार्य गर्नु परेमा देहाय अनुसार निर्माण समिति गठन गर्नुपर्नेछ :-

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित समुदायको आम भेलाबाट अधिकतम् सहभागितामा सम्बन्धित आयोजना सञ्चालन हुने स्थानमा नै भेला गरी तीन देखि सात जना सदस्य रहने निर्माण समिति गठन गर्नुपर्नेछ,

(ख) निर्माण समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नुपर्नेछ,

(ग) निर्माण समितिको गठन गर्दा लाभान्वित समुदायका न्यूनतम् ३३ (तेत्तिस) प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ,

(घ) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात

दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ,

(ङ) गाउँपालिकास्तरीय आयोजना सञ्चालनको लागि निर्माण समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ,

(च) वडास्तरीय आयोजना सञ्चालनको लागि निर्माण समिति गठन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ,

(छ) निर्माण समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ,

(ज) एक व्यक्ति एकभन्दा बढी निर्माण समितिको सदस्य हुन पाउने छैन,

(झ) सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै निर्माण समितिको सदस्य हुन पाइने छैन,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ञ) निर्माण समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ,

(ट) सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट निर्माण समितिको गठन गरिनेछ,

(ठ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु निर्माण समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ,

(ड) टोल विकास संस्थाले सम्झौता बमोजिम गर्नुपर्ने काम निर्माण समिति मार्फत गर्नु गराउनु पर्नेछ, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन,

५०. **निर्माण समितिका सदस्यको योग्यता**ः (१) निर्माण समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा,

(ख) १८ वर्ष उमेर पुरा भएको,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको,

(ङ) अन्य निर्माण समितिमा सदस्य नरहेको।

(२) दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि र राजनीतिक दलका पदाधिकारी निर्माण समितिको सदस्यमा बस्न पाउने छैनन् ।

५१. **<u>निर्माण समितिको काम, कर्तब्य र अधिकार</u>**ः निर्माण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

(घ) निर्माण समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) निर्माण समितिका सदस्यहरुको क्षमता विकास गर्ने,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने देखिएमा टोल विकास संस्था मार्फत कार्यालयलाई अनुरोध गर्ने,

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

५२. **आयोजना कार्यान्वयन** : (१) कार्यालयले आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र टोल विकास संस्थाबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट भएको मितिले तीस दिनभित्र टोल विकास संस्थालाई निर्माण समितको गठन गर्नका लागि जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम टोल विकास संस्थालाई निर्माण समितको गठन गर्नका लागी जानकारी गराए पश्चात आयोजनाको ड्रइङ, डिजाइन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी टोल विकास संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(४) आयोजनाको कार्यान्वयनको लागि टोल विकास संस्था र कार्यलयबीच तोकिए बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(५) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा वस्तुगत) तोक्नु पर्नेछ ।

(६) आयोजना कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५३. **<u>आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु</u>** : (१) टोल विकास संस्थाले कार्यालयसँग योजना सञ्चालन सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ :-

(क) निर्माण समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) निर्माण समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,

(ग) आयोजनाको लागत अनुमान विवरण,

(घ) टोल विकास संस्थाबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको संस्थाको निर्णय,

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका,

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु ।

५४. **<u>निर्माण समितिको क्षमता विकास</u>** : (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै टोल विकास संस्था र निर्माण समितिका पदाधिकारीहरुलाई देहायका विषयमा अभिमुखीकरण गर्नु पर्नेछ :-

(क) निर्माण समितिको काम, कर्तब्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र निर्माणको योगदान,

(ग) निर्माण सामाग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन,

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया,

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण,

(छ) अन्य आवश्यक विषयहरु ।

५५. **भुक्तानी प्रकृया** : (१) आयोजनाको भुक्तानी दिंदा टोल विकास संस्थाको नाममा रहेको बैंक खातामार्फत दिनु पर्नेछ ।

(२) टोल विकास संस्थाले एक व्यक्ति वा सस्थालाई एकलाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक वा विद्युतीय माध्यमबाट गर्नुपर्नेछ ।

(३) टोल विकास संस्थालाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा अन्तिम भुक्तानी दिईनेछ ।

(४) टोल विकास संस्थाले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै निर्माण समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम गरिएको सार्वजनिक परीक्षणको प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(८) निर्माण समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना तोकिए बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(९) आयोजनाको कुल लागत रु ३ (तीन) लाख भन्दा बढी भएका आयोजनाहरुको हकमा टोल विकास संस्थाले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको, तोकिए बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ ।

(१०) टोल विकास संस्थालाई कार्यालयले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(११) टोल विकास संस्थाबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने, दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, निर्माण समिति र अनुगमन समितिको हुनेछ ।

(१२) अनुकरणीय कार्य गर्ने टोल विकास संस्था, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई सभाको निर्णय

बमोजिम वार्षिक रूपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

(१३) तोकिएको समयमा निर्माण समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रकृयाद्वारा काम गराउन सक्नेछ ।

(१४) यस ऐन बमोजिम टोल विकास संस्था र कार्यलयबीच सम्झौता भई गर्नुपर्ने निर्माण कार्य निर्माण समिति गठन गरी सञ्चालन गरिएको अवस्थामा निर्माण समितिले कानून बमोजिम गरेको खर्च गाउँपालिकाबाट टोल विकास संस्थाले रकम प्राप्त गरेको मितिले पाँच दिनभित्र भुक्तानी दिनुपर्नेछ ।

(१५) उपदफा (१४) बमोजिम टोल विकास संस्थाले भुक्तानी नगरेमा गाउँपालिकाले त्यस्तो टोल विकास संस्थाको बैंक खाता तत्काल रोक्का राखी उक्त खाताबाट निर्माण समितिले गरेको खर्च भुक्तानी दिन टोल विकास संस्थालाई निर्देशन दिनु पर्नेछ ।

(१६) उपदफा (१५) बमोजिमको निर्देशन सम्बन्धित टोल विकास संस्थाले दुई दिनभित्र पालना गर्नुपर्नेछ ।

(१७) उपदफा (१६) बमोजिमको अवधिमा उपदफा (१५) बमोजिमको निर्देशन पालना नभएमा गाउँपालिकाले त्यस्तो टोल विकास संस्थालाई दिएको भुक्तानी फिर्ता गराउन सक्नेछ ।

(१८) उपदफा (१७) बमोजिम रकम फिर्ता गराउन टोल विकास संस्थाको बैंक खातामा पर्याप्त रकम नभएमा खाता सञ्चालकको चल/ अचल सम्पत्ति रोक्का राखी लिलाम बिक्री गरी असुल उपर गरिनेछ ।

(१९) उपदफा (१८) बमोजिम लिलाम बिक्री गर्नुपर्दा न्यायिक समितिले गरेको निर्णय कार्यान्वयन गर्दा गरिने लिलाम बिक्रीको प्रक्रिया अवलम्वन गरिने छ ।

(२०) भुक्तानी प्रक्रिया सम्बन्धी अन्य व्यस्था तोकिए बमोजिम हुनेछ ।

५६. **निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नुपर्ने** :टोल विकास संस्थाबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित टोल विकास संस्थाको कर्तव्य हुनेछ ।

(२) गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ;-

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाइन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ,

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ,

(ग) निर्माण कार्यको दिगोपनाः टोल विकास संस्थाबाट कार्यान्वियन भएको योजनाको दिगोपनाको लागि सम्बन्धित निर्माण समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ,

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः टोल विकास संस्था मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र टोल विकास संस्थाको हुनेछ,

(ङ) लगत राख्नु पर्नेः टोल विकास संस्थाबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्बन्धित प्राविधिक कर्मचारीलाई सचेत

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारबाही गर्न सक्नेछ ।

(च) खण्ड (ङ) बमोजिमका टोल विकास संस्थाको लगत राखी टोल विकास संस्था तथा निर्माण समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य निर्माण समितिमा रही काम गर्न निषेध गर्नेछ ।

५७. **<u>अनुगमन समितिको व्यवस्था</u>** : (१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन निर्माण समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न दफा २७ बमोजिमको भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने र



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आवश्यक अन्य कार्य गर्ने ।

५८. **अन्य संस्थाबाट कार्य गराउन सकिने**: यस ऐन बमोजिम निर्माण समितिबाट गरिने कार्य लाभग्राही समूह,सामुदायिक संस्थाहरुबाट गर्ने गरी स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरुबाट कार्य सञ्चालन गर्न गराउन सकिने छ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि सामुदायिक संस्था भन्नाले सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, कानून बमोजिम गठन भएका अन्य सामुदायिक सँगठनहरूलाई सम्झनु पर्दछ ।

५९. **सहजीकरण र सहयोग गर्नु पर्ने**: निर्माण समितिले आयोजनाको सुपरिवेक्षण, अनुगमन/निरीक्षण गर्न कार्यालयबाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलव्ध गराउने तथा आयोजनास्थल अनुगमनको लागि सहजिकरण र सहयोग गर्नु पर्नेछ ।

६०. **निर्माण समितिको दायित्व**: निर्माण समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले

तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने,

(ङ) निर्माण समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेस गर्दा तोकिए बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

## परिच्छेद ७

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

६१. **सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने**ः

(१) गाउँपालिकाले खानेपानी,सरसफाई,विद्युत, सडक,

भवनसँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनको कार्य कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग साझेदारीमा गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी निजी क्षेत्रका साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्ने गरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछः -

(क) सञ्चालन तथा व्यवस्थापन अधिकतम् पाँच देखि पन्ध्र वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण दश देखि बीस वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण पन्ध्र देखि पच्चीस वर्षका लागि

(घ) लिज वा सहुलियत (कन्सेसन) सम्झौतामा तोकिए बमोजिम वा अधिकतम् तीस वर्ष ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) उपदफा (२) बमोजिमको सम्झौताको अवधि समाप्त भए पछी पुनः सोही मोडेललाई निरन्तरता दिनु पर्ने वा फरक मोडेलमा कार्य गर्नुपर्ने भएमा यस ऐन र प्रचलित कानून बमोजिमको खरिद प्रकिया पुरा गरी उपदफा (२) बमोजिमको अवधिका लागि साझेदारीमा कार्य गर्न सकिनेछ ।

६२. **प्रस्ताव आह्वान गर्न सक्ने** : (१) गाउँपालिकाले निजी क्षेत्रसँग साझेदारीमा पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि आसयपत्र वा प्रस्ताव पत्र  आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएकोमा प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नुपर्नेछ ;-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण,

(ख) अनुमानित लागत,

(ग) वित्तीय श्रोत,

(घ) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा),

(ङ) कार्यान्वयनका विवरण,

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(छ) परियोजनाको नक्सा तथा ड्रइङ ,डिजाइन,

(ज) प्रस्तावित शुल्क र करार अवधि,

(झ) तोकिए बमोजिमका अन्य विवरण।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले नै उपदफा (२) मा उल्लेखित विवरहरु खुलाई साझेदारीको लागि आव्हान गर्न सक्नेछ ।

६३. **<u>प्रस्ताव छनौट र सम्झौता</u>**: (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्धारा तपशिलका आधारहरुमा मूल्यांकन कार्य गराई प्रस्ताव छनोट गर्न सक्ने छ;-

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर,

(ख) प्रस्तावित निजी लगानी,

(ग) सेवा शुल्क र रोयल्टी रकम,

(घ) लिज अवधि,

(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसर वृद्धि ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधि किटान गरी साझेदारीमा सम्झौता गर्न सक्नेछ ।

६४. **सञ्चालन तथा व्यवस्थापन**: (१) सम्झौता अवधिभर पूर्वाधार संरचनाको सञ्चालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । सम्झौतामा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एकअर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ ।

## परिच्छेद - ८

## वातावरण, भूसंरक्षण तथा वैकल्पिक उर्जा

६५. **वातावणीय प्रभाव मूल्याँकन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले १ करोड देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परीक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

(२) आयोजनाको वातावरणीय परीक्षण स्वीकृति गाउँपालिकाले नै गर्नेछ ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृति गर्नु पूर्व सर्वसाधारणको सुझाव माग गर्नका लागि प्रतिवेदनको प्रतिलिपि वडा कार्यालय, गाउँपालिकाभित्रका विद्यालय तथा

गाउँपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सुझाब माग गर्नु पर्नेछ ।

६६. **<u>वैकल्पिक ऊर्जालाई प्रोत्साहन</u>**: (१) पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्ने छ ।

(२) कुनै घरमा सोलार, बायो ग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(४) घरेलु शौचालयलाई बायो ग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेफ्टी टैंक बनाउने घरधुरीलाई गाउँपालिकाले पाँच वर्षका लागि सम्पत्ति कर वा मालपोत करमा २० प्रतिशत सम्म छुट दिन सक्नेछ ।

६७. **<u>भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्ने</u>** : (१) गाउँपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा बाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्बन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम् ७ वर्षका लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धित सँधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

६८. **फोहरमैला तथा फोहरपानी व्यवस्थापन** : (१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्ने छ ।

(२) गाउँपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइट निर्माण गर्न अन्य गाउँपालिकासँग समन्वय गर्न सकिनेछ ।

## परिच्छेत -९

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

६९. **पूर्वाधार अनुगमन तथा मूल्यांकन समितिको गठन**: (१) गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार वा प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा

गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) गाउँपालिका स्तरीय पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका उपाध्यक्ष — उपाध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) पूर्वाधारको काम हुने वडाको वडा अध्यक्ष — सदस्य

(घ) पूर्वाधार विकास समितिको संयोजक — सदस्य

(ङ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख - सदस्य

(च) योजना शाखा प्रमुख -सदस्य सचिव

(३) वडाभित्र सञ्चालन हुने तोकिएको लागत रकम भएका योजनाको अनुगमनको लागि वडा स्तरीय पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ;-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ख) वडा सदस्य मध्येबाट अध्यक्षले तोकेको एक जना महिला— सदस्य

(ग) सम्बन्धित वडा हेर्न तोकिएको प्राविधिक कर्मचारी -सदस्य सचिव

७०. **पूर्वाधार अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**:(१) अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाँउपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमको नियमित एवम् आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ख) योजना,आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाँउसभा तथा गाँउ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढङ्गले व्यवस्थापन गर्ने,

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन गाँउ कार्यपालिका समक्ष पेश गर्ने,



सिलीचोङ गाँउपालिका स्थानीय राजपत्र

(ङ) गाँउसभा, गाँउकार्यपालिका तथा गाँउपालिका अध्यक्षले तोकेको अन्य कामहरु गर्ने।

(२) कुनै पनि विषयगत शाखा अन्तर्गत रहेका कार्यक्रम तथा योजनाहरुको अनुगमन तथा मूल्याङ्कन विषयगत शाखाको कुनै पनि कर्मचारी वा गाउँपालिका अध्यक्षले तोकेको कुनै पनि पदाधिकारी वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कुनै पनि कर्मचारीबाट अनुगमन तथा मूल्याङ्कन गर्न गराउन सकिनेछ ।

(४) दफा ६१ को उपदफा (३) बमोजिमको समितिले वडा भित्र सञ्चालन हुने तोकिएको लागत रकम भएका योजनाको अनुगमन गर्ने प्रयोजनका लागि गाउँपालिका स्तरीय पूर्वाधार अनुगमन समितिलाई प्राप्त काम, कर्तव्य र अधिकारको प्रयोग गर्नेछ ।

७१. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिका सदस्यले कार्यापालिकाका सदस्यले पाउने सरहको बैठक भत्ता पाउनेछन् ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

७२. **अनुगमन पश्चात निर्देशन दिन सक्ने** : (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको प्रस्तावित गुणस्तर र समयबद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ ।

७३. **सहमति लिनुपर्नेः** ३० (तीस) लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न गाउँपालिका स्तरीय पूर्वाधार अनुगमन समितिको सहमति लिनु पर्नेछ ।

७४. **कारबाहीको सिफारिस गर्न सक्नेः** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको वा निर्माण व्यवसायीकै लापरबाहीका कारण निर्धारित समयभित्र तोकिए बमोजिमको प्रगति नदेखिएमा गाउँपालिका स्तरीय पूर्वाधार अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) उपदफा (१) बमोजिम कारबाहीका लागि सिफारिस गरिएकोमा उक्त निर्माण व्यवसायीलाई आगामी दिनमा आफ्नो गाउँपालिका भित्र काम नदिने व्यवस्थाका लागि गाउँपालिकामा कालो सूचीमा राख्न समेत सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आएकोमा गाउँपालिकाले त्यस्तो निर्माण व्यवसायीलाई कालो सूचीमा राख्ने निर्णय गरी सो निर्णय स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

७५. **कालो सूचीमा राख्ने**ः (१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरी कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पार्ने कार्य गरेमा,

(च) तोकिए बमोजिम अन्य कुनै कसूर गरेमा।

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

(३) यस दफा बमोजिम कालो सूचीमा राख्ने निर्णय भएकोमा सो निर्णय स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

७६. **<u>प्राविधिक मूल्यांकन गर्नु पर्ने</u>** : (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित् गरीनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गाउँपालिकाले गर्नु पर्नेछ ।

७७. **<u>अनुगमन तथा मूल्याङ्कन कर्ताले पाउने सेवा, सुविधा</u>**ः (१) अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारी तथा



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

कर्मचारीहरुले विनियोजन ऐनमा तोकिए बमोजिम फिल्ड भत्ताको सुविधा प्राप्त गर्नेछन ।

(२) अनुगमन तथा मूल्याङ्कन सुविधा प्राप्त गर्न अनिवार्य रुपमा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदाफा (२) बमोजिम प्रतिवेदन पेश नगेरसम्म अनुगमन तथा मूल्याङ्कन सुविधाको रकम भुक्तानी गरिने छैन ।

७८. **अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनः** अनुगमन तथा मूल्याङ्कन समितिका सदस्यहरुले अनिवार्य रुपमा आफूले अनुगमन तथा मूल्याङ्कन गरेका योजना, आयोजना तथा कार्याक्रमहरुको अनुसूची-२बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन एकल वा संयुक्त रूपमा पेश गर्नु पर्नेछ ।

७९. **प्रतिवेदन पेश गर्ने अवधिः**(१) अनुगमन तथा मूल्याङ्कन समितिले दफा ७९ बमोजिमको प्रतिवेदन अनुगमन तथा मूल्याङ्कन कार्य सम्पन्न भए पश्चात तत्काल बस्ने गाँउ कार्यपालिकाको बैठक समक्ष पेश गर्नु पर्नेछ ।

(२) कुनै पनि विषयगत शाखाद्वारा गरिने अनुगमन मूल्याङकनको प्रतिवेदन तयार गर्दा अनुसूची-२बमोजिमको फारम प्रयोग नगरी कार्यपालिकाले तोके बमोजिमको अनुगमन मूल्याङकन चेकलिष्ट प्रयोग गर्न सकिनेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

## परिच्छेद -१०

## 'घ÷ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी व्यवस्था

८०. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने** :प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस ऐन बमोजिम इजाजतपत्र प्राप्त नगरी"घ"वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउनु हुँदैन।

तर प्रचलित कानून बमोजिम टोल विकास संस्था, विद्यालय व्यवस्थापन समिति, क्लब, सामुदायिक वन उपभोक्ता समितिले निर्माण समिति मार्फत वा जनसहभागितामा सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुर्याएको मानिने छैन ।

८१. **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था** :(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-३ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्त उपर प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-४ बमोजिमको योग्यता भए नभएको सम्बन्धमा देहाय बमोजिमको समितिबाट जाँचबुझ गराउनु पर्नेछ;-

(क) संयोजकः प्रमुख प्रशासकीय अधिकृत,

(ख) सदस्य : ईञ्जिनियर वा भौतिक पूर्वाधर शाखा प्रमुख,

(ग) सदस्यः प्रशासन शाखा प्रमुख,

(घ) सदस्य सचिव सब-ईन्जिनियर वा भौतिक पूर्वाधर शाखाको प्राशासनिक कर्मचारी।

(३) उपदफा (२) अनुसारको समितिले जाँचबुझका लागि प्राप्त भएको दरखास्त उपर पन्ध्र दिनभित्र जाँचबुझ सम्पन्न गरी अनुमति दिन मिल्ने नमिल्ने विषयमा प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपदफा (२) अनुसारको समितिले उपदफा (३) बमोजिम गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले सिफारिस भएको मितिले पन्ध्र दिनभित्र इजाजतपत्र प्रदान गर्ने वा नगर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश हुन आएकोमा इजाजत पत्र प्रदान गर्ने नगर्ने विषयमा तीस दिनभित्र कार्यपालिकाले निर्णय गरिसक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्यपालिकाले इजाजत पत्र प्रदान गर्ने निर्णय गरेमा प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत लाग्ने दस्तुर लिई अनुसूची-५बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

८२. **<u>इजाजतपत्रको अवधि र नवीकरण</u>** : (१) दफा ८०बमोजिम प्रदान गरिएको ईजाजतपत्र दफा ८५बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र अनुसूची-६ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नाविकरणको लागि आवेदन गर्दा देहाय अनुसारका कागजात र विवरण संलग्न गर्नु पर्नेछ;-

(क) गत आर्थिक वर्षको संघ, प्रदेश र स्थानीय तहलाई बुझाउनु पर्ने कर दस्तुर चुक्ता प्रमाण पत्र,

(ख) दर्ता भएको निकायबाट कम्पनी नवीकरण भएको प्रमाणपत्र,

(ग) अघिल्लो आर्थिक वर्षमा फर्म वा कम्पनीले गरेको कार्यहरुको अनुसूची-७ बमोजिमको ढाँचामा अद्यावधिक विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(४) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र नवीकरणका लागि आवेदन गरेमा अनुसूची-५ बमोजिम नाविकरणको लागि तोकिएको नियमित तथा थप दस्तुर समेत लिई इजाजत पत्र नवीकरण गरिनेछ ।

(५) उपदफा (४) बमोजिमको अवधि समाप्त भएपछी नाविकरणको लागि आवेदन पर्न आएमा प्रत्येक वर्षका लागि अनुसूची-५ बमोजिम नाविकरणको लागि तोकिएको नियमित तथा थप दस्तुरको पचास प्रतिशत दस्तुर थप लिई नाविकरण गरी दिन सकिनेछ ।

(६) इजाजत पत्र अद्यावधिक र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८३. **निर्माण व्यवसायीको दायित्व** :- (१) ठेक्का सम्झौतामा उल्लेखित सर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण गाउँपालिका वा तोकिए बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

८४. **निर्माण व्यवसायीबाट गराउन सकिने सार्वजनिक निर्माण कार्य** :- (१) सार्वजनिक निर्माण कार्य गराउदा अधिकतम् दुई करोड रुपैया सम्मकोनिर्माण कार्य "घ" बर्गको निर्माण व्यवसायीबाट सञ्चालन गराउन सकिनेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

८५. **इजाजतपत्रको खारेजी** :- (१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ;-

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सँगठित संस्थामा झुट्टा विवरण पेस गरको सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेस गर्न मनासिब माफिकको मौका दिइनेछ ।

(३) दफा ८३बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिई सो को सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

८६. **इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था** :कुनै निर्माण व्यवसायीले ईजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-६ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

## परिच्छेद -११

## कसुर र सजाय

८७. **कसुर गरेको मानिने**ः (१) कसैले यस दफा बमोजिमको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(२) दफा ४को उपदफा (२) बमोजिम निषेध गरिएको सवारी साधन सञ्चालन गरे गराएमा ।

(३) दफा ५ विपरित स्वीकृति नलिई संरचना निर्माण गरे गराएमा ।

(४) दफा ६ बमोजिम दिइएको आदेश कार्यान्वयन गर्न गराउन अवरोध गरेमा ।

(५) दफा ८ को उपदफा (१) र (२) विपरीत अनुमति नलिई जल श्रोतको उपयोग गरे गराएमा ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(६) दफा १० विपरीत हुने गरी कार्य गरे गराएमा,

(७) दफा ११ विपरीत उपभोक्ता समिति गठन नगरी निर्माण समितिको हैसियतमा कार्य गरे गराएमा ।

(८) दफा १२ को उपदफा (१) र (४) विपरीत अनुमति नलिई जलस्रोतको व्यवसायिक उपयोग गरे गराएमा ।

(९) दफा १६ बमोजिमको समितले निर्धारण गरेको महसुल भन्दा बढी महसुल लिएमा ।

(१०) दफा १७ विपरीत स्वीकृति नलिई भवन निर्माण गरे गराएमा ।

(११) दफा १८विपरीत भवन दर्ता वा सूचीकृत नगरे नगराएमा ।

(१२) दफा १९ बमोजिम भवन निर्माण गर्दा तोकिए बमोजिम छोड्नु पर्ने खालि जग्गा नछाडी निर्माण गरे गराएमा ।

(१३) दफा २० विपरीत हुने गरी अनुमति नलिई बस्ती विकासको कार्य गरे गराएमा ।

(१४) दफा ८० विपरीत इजाजत पत्र प्राप्त नगरी निर्माण कार्य गरे गराएमा ।

(१५) दफा ८३ विपरीत निर्माण व्यवसायीको दायित्व पुरा नगरे नगराएमा ।

८८. **<u>जरिवाना सम्बन्धी व्यवस्था</u>**: (१) कसैले दफा ८७ अन्तर्गतको कसुर गरे गराएमा कार्यपालिका वा अनुगमन समिति वा अध्यक्षले कसुरको मात्र हेरी यस दफा बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) दफा ८७ को उपदफा (२)बमोजिमको कसुर गरे गराएमा अनुगमन समितिले कसुरको मात्र हेरी त्यस्तो कार्य तत्काल रोक्न लागाई रूपैयाँ दुई हजार देखि रूपैयाँ दश हजार सम्म जरिवाना गर्नेछ ।

(३) दफा ८७ को उपदफा (३) बमोजिमको कसुर गरे गराएमा अनुगमन समितिले क्षति र कसुरको मात्र हेरी क्षतिपूर्ति गर्न लगाउने र रूपैयाँ एक हजार देखि रूपैयाँ पाँच हजार सम्म जरिवाना गर्नेछ ।

(४) दफा ८७ को उपदफा (४) बमोजिमको कसुर गर्ने गराउने व्यक्तिलाई अध्यक्षले सडक आवागमनमा अवोरोधका कारण पुगेको क्षतिको आधारमा उक्त क्षतिपूर्ति र पाँच हजार देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(५) दफा ८७ को उपदफा (५) बमोजिमको कसुर गरे गराएमा जलस्रोत समितिले त्यस्तो कार्य तत्काल

रोक्का गरी त्यसरी उपयोग गरी प्राप्त गरेको लाभको मात्र हेरी प्राप्त लाभ बराबरको बिगो र बिगो बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

(६) दफा ८७ को उपदफा (६) बमोजिमको कसुर गरे गराएमा जलस्रोत समितिले त्यस्तो कार्य तत्काल रोक्का गरी त्यसरी उपयोग गरी प्राप्त गरेको लाभको मात्र हेरी रूपैयाँ दुई हजार देखि रूपैयाँ पचास हजार सम्म जरिवाना गरी संस्था खारेजी हुनेछ ।

(७) दफा ८७ को उपदफा (७) र (८) बमोजिमको कसुर गरे गराएमा जलस्रोत समितिले त्यस्तो कार्य तत्काल रोक्का गरी त्यस्तो कार्यबाट लाभ लिएको भएमा लाभ बराबर बिगो र बिगो बराबर रकम जरिवाना गर्नेछ ।

(८) दफा ८७ को उपदफा (९) बमोजिमको कसुर गरे गराएमा जलस्रोत समितिले त्यसरी बढी हुने गरी लिएको रकम बराबर बिगो र बिगो बराबरको रकम जरिवाना गर्नेछ ।

(९) दफा ८७ को उपदफा (१०) विपरित निर्माण कार्य गरेकोमा अध्यक्षले त्यस्तो निर्माण कार्यले सार्वजनिक जागा मिचेको भए संरचना भत्काउने निर्णय गरी संरचना भत्काउन लगाउनु पर्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(१०) उपदफा (९) बमोजिमको आदेशको कार्यान्वयन नगरेमा अध्यक्षले रूपैयाँ दुई हजार देखि रूपैयाँ दश हजार सम्म जरिवाना गर्ने र गाउँपालिकाले नै भत्काउने आदेश गरी त्यसरी भात्काउदा लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्ने निर्णय गर्न सक्नेछ ।

(११) दफा ८७ को उपदफा (१०) विपरीत निर्माण कार्य गरेकोमा अध्यक्षले त्यस्तो निर्माण कार्यले सार्वजनिक जागा नमिचेको तर प्रक्रियागत त्रुटीमात्र भएको भए इजाजत लिंदा लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई सूचीकृत गरिदिन सक्नेछ ।

(१२) ) दफा ८७ को उपदफा (११) विपरीतको कार्य गरे गराएमा अध्यक्षले इजाजत लिंदा वा सूचीकृत वा दर्ता गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई दार्ता वा सूचीकृत गरिदिन सक्नेछ ।

(१३) दफा ८७ को उपदफा (१२) विपरीत भवन निर्माण गर्दा तोकिए बमोजिम छोड्नु पर्ने खालि जग्गा नछाडी निर्माण गरे गराएमा अध्यक्षले त्यस्तो संरचना वा भवन भत्काउने आदेश दिन सक्नेछ ।

(१४) उपदफा (१३) बमोजिमको आदेशको कार्यान्वयन नगरेमा अध्यक्षले रूपैयाँ दुई हजार देखि



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

रूपैयाँ दश हजार सम्म जरिवाना गर्ने र गाउँपालिकाले नै भत्काउने आदेश गरी त्यसरी भात्काउदा लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्ने निर्णय गर्न सक्नेछ ।

(१५) दफा ८७ को उपदफा (१३) विपरीत हुने गरी अनुमति नलिई बस्ती विकासको कार्य गरे गराएमा कार्यपालिकाले त्यस्तो कार्य गर्ने गराउनेलाई रूपैयाँ एक लाख देखि पाँच लाख सम्म जरिवाना र त्यस्तो जागा बिक्रि वितरणको लागि रोक्का गर्न सक्नेछ ।

(१६) दफा ८७ को उपदफा (१४) विपरीत इजाजत पत्र प्राप्त नगरी निर्माण कार्य गरे गराएमा कार्यपालिकाले निर्माण कार्यमा प्रयोग भएको मेसिन औजार र सामग्री जफत गरी रूपैयाँ पाँच लाख सम्म जरिवाना गर्नेछ ।

(१७) दफा ८७ को उपदफा (१५) विपरीत निर्माण व्यवसायीको दायित्व पुरा नगरे नगराएमा कार्यपालिकाले त्यसबाट भएको हानि नोक्सानी बराबरको बिगो र बोगो बराबरको रकम जरिवाना गर्नेछ ।

(१८) यस ऐन बमोजिम भएको जरिवाना सरकारी बाँकी सरह असुल उपल गरिनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

८९. **<u>जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधिः</u>**(१)यस ऐन बमोजिमको कसुरमा जरिवाना गर्नुपरेमा न्यायिक समितिले प्रयोग गर्ने ढाँचामा आदेश पर्चा खडागरी जरिवाना गर्ने अधिकारीले सहि छाप गरी सोको एक प्रति सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाई सोको भर्पाई गराउनु पर्नेछ ।

(२)) उपदफा (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा कार्यपालिका वा अध्यक्ष वा समिति वा अनुगमन समितिले सम्बन्धित व्यक्ति वा संस्थाले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट लाभग्राहीमा पर्न सक्ने प्रतिकूल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कार्यपालिका वा अध्यक्ष वा समिति वा अनुगमन समितिले जरिवानाको आदेश दिंदा जरिवानाको रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित व्यक्ति वा संस्थाले बुझिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा कार्यपालिका वा अध्यक्ष वा समिति वा अनुगमन समितिले प्रहरीको सहयोगमा त्यस्तो जरिवानाको आदेश बुझाउन सक्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(५) कार्यपालिका वा अध्यक्ष वा समिति वा अनुगमन समितिले आफूले गरेको जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

## परिच्छेद -१२

## विवध

९०. **निर्माण व्यवसायी विकास समिति** :- (१) निर्माण व्यवसायीलाई सुदृढ र सुव्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक नीति तयार गरी सम्बन्धित निकायलाई निर्देशन, सरसहयोग गर्न देहाय बमोजिमको निर्माण व्यवसाय विकास समिति रहनेछ :

(क) अध्यक्ष— संयोजक

(ख) उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) संयोजक पूर्वाधार विकास समिति -सदस्य

(ङ) प्राशासन शाखा प्रमुख -सदस्य

(च) पूर्वाधार विकास शाखा प्रमुख सदस्य -सचिव

९१. **समितिको काम कर्तव्य र अधिकार** :- समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक नीति तयार गर्ने,

(ख) सार्वजनिक निर्माण कार्यसँग सम्बन्धित वातावरणीय पक्ष लगायतका विषयमा आवश्यक जाँचबुझ नीति निर्माणको विकास गर्ने,

(ग) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनको लागि प्रशिक्षण तथा तालिम सञ्चालन गर्ने,

(घ) निर्माण व्यवसायसँग सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने,

(ङ) यस ऐनको उद्देश्य कार्यन्वयन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

१२. **<u>निर्माण व्यवसायी विकास समिति कोष</u>**: (१) सार्वजनिक निर्माण कार्यको गुणस्तर र निर्माण व्यावसायिको कार्यक्षमता वृद्दि गर्न निर्माण व्यवसायीलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन एक निर्माण व्यवसायी कोष बनाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा संघ, प्रदेश तथा गाउँपालिकाबाट प्राप्त रकम निर्माण व्यवसायीबाट तोकिए बमोजिम प्राप्त रकम तथा स्वदेशी वा विदेशी संघसंस्थाबाट प्राप्त रकम रहनेछ ।

(३) कोषको सञ्चालन तथा लेखापरीक्षण तोकिएबमोजिम हुनेछ ।

९३.**<u>विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने</u>**ः (१) कार्यपालिकाले स्थानीय नागरिकको निजी तथा सार्वजनिक जीवनस्तर सुधारका लागि देहाय बमोजिमका पूर्वाधार विकासका क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ;-

(क) नागरिक आवास सुधार अनुदान,

(ख) वैकल्पिक उर्जा प्रयोग अनुदान,

(ग) नविकरणीय उर्जा उपयोग अनुदान,

(घ) गोठ सुधार आयोजना अनुदान,

(ङ) खानेपानी वितरण अनुदान,

(च) तोकिए बमोजिम अन्य क्षेत्रहरू ।

(२) उपदफा (१) बमोजिमको विषय क्षेत्र अन्तर्गत वार्षिक रूपमा आर्थिक तथा विनियोजन विधेयकमा कार्यक्रम समावेश गरी सभाबाट स्वीकृत कार्यक्रममात्र सञ्चालन गर्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(३) यस दफा बमोजिम सञ्चालन गरिने विशेष कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९४. **<u>अन्तर स्थानीय तह समन्वय</u>** : (१) एक भन्दा बढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यको योजना आयोजना सञ्चालन गर्दा सम्बन्धित सबै स्थानीय तहको कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमोदनका लागि अध्यक्षले समन्वयकर्ताको रूपमा कार्य गर्नु गराउनु पर्नेछ ।

९५. **<u>पुनरावेदन</u>** : (१) यस ऐन बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय वा आदेशमा चित्त नबुझ्ने व्यक्तिले निर्णय वा आदेश भएको सूचना पाएको मितिले पैंतीस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) यस ऐन बमोजिम जरिवाना गर्ने निर्णय भएकोमा त्यस्तो जरिवाना भुक्तान नगरी वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी पुनरावेदनको निवेदन दर्ता हुने छैन ।

९६. **<u>नियम बनाउन सक्ने</u>**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१७. **<u>कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने</u>**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

१८. **<u>खारेजी र बचाऊ</u>** : देहायका ऐन, निर्देशिका र कार्यविधि खारेज गरिएको छ ।

(क) गाउँपालिकाको पुर्वाधार व्यवस्थापन ऐन, २०७४

(ख) उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१

(ग) सिलीचोङ गाउँपालिकाको योजना अनुगमन मुल्यांकन तथा फरफारक एवं भुक्तानी कार्यविधि २०८०

(घ) सिलीचोङ गाउँपालिकाको विकास योजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

(ङ) सिलीचोङ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

(च) सिलीचोङ गाउँपालिकाको आयोजना व्यवस्थापन (कन्टेजेन्सी) रकम खर्च सम्बन्धी कार्यविधि २०८१



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) उपदफा (१)बमोजिम खारेज भएका ऐन र कार्यविधि बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

## अनुसूची-१

## दफा २७ को उपदफा (३) सँग सम्बन्धित

## सिलीचोङ गाउँपालिका

## टोल विकास संस्था दर्ता किताब

| क्र.सं. | दर्ता नम्बर | टोल विकास संस्थाको नाम | टोल विकास संस्थाको ठेगाना | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | गठन मिति | बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

## अनुसूची-२

## दफा ७८ सँग सम्बन्धित

## अनुगमन तथा मूल्यांकन प्रतिवेदन

| योजना, आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | योजना, आयोजना तथा कार्यक्रमको अवस्था | लाभग्राही वा स्थानीय नागरिकको सुझाव वा गुनासो | निर्माण समितिका पदाधारीहरूको | | |
|---|---|---|---|---|---|
| | | | नाम थर | दस्तखत | मिति |
| | | | | | |
| | | | | | |
| | | | | | |

योजना/आयोजना/ कार्यक्रमको अनुगमनको क्रममा देखिएको सवल पक्ष वा उपलब्धिहरू

१.

२.

३.

योजना/आयोजना/ कार्यक्रमको सुधार गर्नु पर्ने पक्षहरू

१.



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

२.

३.

प्रतिवेदन पेश गर्ने : अनुगमन मूल्यांकनमा सहभागी सबैको नाम र दस्तखत

प्रतिवेदन पेश गरिएको मितिः

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

# अनुसूची-३

दफा ८१ को उपदाफ (१) सँग सम्बन्धित

## **निर्माण व्यवसायी ईजाजतपत्रको लागि दिईने दरखास्त**

श्री सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
तास्कू, संखुवासभा

फोटो

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

यस गाउँपालिकाको पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गर्दछु ।

१. दरखास्त पेस गर्ने फर्म वा कम्पनीको;-

नामः-ठेगाना :-

पोष्ट बक्स :- टेलिफोन नं. :- फ्याक्स नं.:-

ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति एकलौटी साझेदारी (कोष्ठमा रेजा लगाउनु पर्नेछ)

(क) प्राइभेट लिमिटेड कम्पनी (ख) पब्लिक लिमिटेड कम्पनी (ग) एकलौटी (घ) साझेदारी

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको;-

नाम थरः- ठेगानाः- पोष्ट बक्स नं. :-

टेलिफोन नं.ः- फ्याक्स नं.ः- ईमेलः-

४. फर्म वा कम्पनीको विवरण;-

दर्ता नं.ः-

दर्ता मितिः-

आधिकारिक पूर्जीः-

जारी पूर्जीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरणः-

| खाताको किसिम | रकम | वित्तीय संस्थाको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरणः-

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क) प्राविधिकः- (ख) अप्राविधिकः-

(ग) अन्यः-

प्राविधिक कर्मचारीको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेस गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेसिनरी औजारको विवरणः-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | मूल्य | खरिदमिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

द्रष्टव्यः- यस विवरणमा उल्लिखित सवारी साधन तथा मेसिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेसिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरणः-

| सि.नं. | निर्माण सम्बन्धी कामको | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति |
|---|---|---|---|---|---|



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

| | प्रकृति | | | | प्रतिशतमा) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातः- क. ख. ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला । निर्माण व्यवसायीको छाप दरखास्तवालाको दस्तखतः मिति :

द्रष्टव्यः- यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेस गर्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

# अनुसूची-४

## दफा ८१ को उपदाफ (२) सँग सम्बन्धित

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **<u>आर्थिक क्षमता</u>**ः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पच्चीस लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **<u>मुख्य जनशक्ति विवरण</u>**ः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **<u>मेसिनरी र उपकरण</u>** :

(क) ट्रिपर / टयाक्टर ( एक थान )

(ख) मिक्सर (एक थान)

(ग) Theodolite / Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (एक थान )

च) प्रचलित कानून बमोजिम कर चुक्ता गरेको प्रमाणपत्र ।

द्रष्टव्य :

१. माथि ३( क) मा उल्लेखित भएका उपकरणहरु भाडा / लिजमा लिएको भए सो को प्रमाण पेस गर्नु पर्नेछ ।

२. उपकरणको नामावली पेस गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेस गर्नु पर्नेछ ।

३. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

४. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

५. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

अनुसूची-५

दफा ८१ को उपदाफ (६) सँग सम्बन्धित

सिलीचोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**’घ÷ वर्ग निर्माण इजाजतपत्र**

निर्माण व्यवसायीको वर्गः

इजाजतपत्र नं.:- मितिः-

पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२ को दफा .... बमोजिम ... फर्मको ठेगाना लेख्ने .... मा कार्यालय रहेको ...... कम्पनी वा फर्मको नाम लेख्ने .... लाई’घ÷ वर्गको निर्माण व्यवसाय गर्न इजाजतपत्र प्रदान गरिएकोछ ।

इजाजतपत्र दिनेको, -

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय :-

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

| नवीकरण गर्ने अधिकारी | नवीकरणगरेको मिति | नवीकरण बहाल रहनेअवधि | दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीकोदस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

# अनुसूची-६

## दफा ८२ को उपदफा (२) सँग सम्बन्धित

## इजाजत पत्र दस्तुर तथा नवीकरण दस्तुर

| विवरण | दस्तुर रू. |
|---|---|
| इजाजत पत्र निवेदन दस्तुर | रु ५००/- |
| इजाजत पत्र दस्तुर | रु १०,०००।- |
| इजाजत पत्र नवीकरण दस्तुर | रु ५,०००।- |
| इजाजत पत्र नवीकरण थप दस्तुर | रु ३,०००।- |
| इजाजत पत्र प्रतिलिपि दस्तुर | रु२,०००/- |
| घरेलुमा दर्ता भएका कम्पनीहरुलाई प्रा. लि. मा परिणत गर्न | रु २०००/- |
| इजाजत पत्र खारेजि दस्तुर | रु १०००/- |

द्रष्टव्यः घ बर्गको निर्माण व्यवासायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिमको दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजत पत्र नवीकरण गराउदा इजाजत पत्र

नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

सिलीचोङ गाँउपालिका स्थानीय राजपत्र

## अनुसूची-७

## दफा ८२ को उपदाफ (३) खण्ड (ग) सँग सम्बन्धित

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासबुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम यदि भएमा | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारिहरुको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | (क)ठेक्का | (क) ना | (क) थ | (क) V ariatio | (क) स | (क) अ | |

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | रकम<br>(ख)सम्झौ<br>त्ता<br>मिति<br>(ग) ठेक्का<br>अवधि | म<br>(ख) प<br>द<br>(ग)हस्ताक्ष<br>र<br>(घ) छा<br>प | प<br>समय<br>(ख) ना<br>म<br>(ग)पद<br>(घ) ह<br>स्ताक्ष<br>र<br>(ङ)निर्णय<br>मिति<br>(च) छा<br>प | n<br>पछिको<br>सम्झौ<br>ता<br>रकम<br>(ख) V<br>ariatio<br>n को<br>निर्णय<br>गर्ने<br>पदाधि<br>कारी<br>को | म्पन्न<br>रकम<br>(ख) स<br>म्पन्न<br>मिति<br>(ग)सम्पन्न<br>प्रतिश<br>त<br>(घ) ना<br>म<br>(ङ)पद<br>(च) ह | न्तिम<br>ठेक्का<br>रकम<br>(ख) स<br>म्पन्न<br>मिति<br>(ग)नाम<br>(घ) प<br>द<br>(ङ)हस्ता<br>क्षर<br>(च) छा | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नाम<br>(ग)पद<br>(घ) हस्ताक्षर<br>(ङ)छाप | स्ताक्षर<br>(छ) छाप | प | |

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

**<u>आज्ञाले</u>**

प्रविण राई

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय